# पाखीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## पाखीबास, धनकुटा

### कोशी प्रदेश, नेपाल

आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सुचना ।

प्रथम पटक प्रकाशित मिति २०८२।०८।०७

पाखीबास नगरपालिका नगर कार्यपालिको मिति २०८२।०८।०३ को निर्णय अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ बमोजिम नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क **(यस कार्यालयले तोकिदिएको क्षेत्रमा)** चालु आ. व. २०८२।०८३ का लागि प्रचलित कानुन बमोजिम आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक, फर्म, कम्पनी वा व्यक्तिले तोकिएको निम्न शर्तहरुको अधिनमा रहि तपशिल समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दि दरभाउपत्र पेश गर्नहुन ७ (सात दिनको) यो सुचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपशिल

| सि नं | ठेक्का नं | विवरण | न्यूनतम बार्षिक दर (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ०३।०८२।०८३ | कवाडी कर (पाखीबास नगरपालिका वडा नं ४ मा अवस्थित ल्याण्डफिल साईट बाट ) | रु २५०००। (पच्चीस हजार रुपैया मात्र) । | रु. १०००। | ७ औं दिन २०८२।०८।१३ गते कार्यालय समय भित्र | ८ औं दिन२०८२।०८।१४ गते दिनको १२ बजे सम्म | ८ औं दिन २०८२।०८।१४ गते दिनको २ बजे |

शर्तहरु

१. शिलबन्दि बोलपत्रको साथ आफुले कबोल गरेको कुल अंकको ५ प्रतिशत रकम धरौटी बापत यस कार्यालयको एन आई सि एसिया बैक लि को पाखीबासमा रहेको स्थानीय तह धरौटी खाता नं **88CA502647524003** मा जम्मा गरेको सक्लै भौचर संलग्न गर्नुपर्नेछ।

२. प्रत्येक ठेक्काको लागि तोकिएको बोलपत्र फारम दस्तुर तिरी पाखीबास नगरकार्यपालिकाको कार्यालयको राजस्व शाखा बाट कार्यालय समय भित्र खरिद गर्न गर्न सकिनेछ ।

३. तोकिएको न्यूनतम बार्षिक दरमा सबै भन्दा बढी अंक कबोल गर्ने र रीतपुर्वक पेश भएको आवेदनलाई स्विकृत गरिनेछ । दर्ता भएका शिलबन्दी बोलपत्रबाट ८ औं दिनको अपरान्ह २ बजे कार्यालयका प्रतिनिधी र आवेदकको रोहवरमा शिलबन्दि खोलिनेछ । आवेदकको अनुपस्थिती भएमा पनि यस कार्यालयलाई शिलबन्दि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. म्याद नाघी आएको वा रित नपुगेको फारम उपर कुनै कार्वाही हुने छैन ।बोलपत्र पेश गर्ने तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट बोलपत्र सम्बन्धी कारवाही हुनेछ ।

५. शिलबन्दी बोलपत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

६. कबोल अंकको एकमुष्ठ रकम तथा १३ प्रतिशत मु.अ. कर समेत सम्झौताको बखतमा नै यस कार्यालयको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

७. पाखीबास नगरपालिकाको आर्थिक ऐन २०८२ ले निर्धारण गरेको सेवा शुल्क भन्दा बढी रकम सेवा शुल्क बापत लिन पाईने छैन ।

८. अन्य जानकारीको लागि यस कार्यालयको वेभ साईट pakhribasmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

(अनिस कार्की)
अधिकृत आठौं तह
अधिकृतस्तर आठौं



फोन नं.: ०२६-४०५१६५, वेबसाइट : www.pakhribasmun.gov.np, ईमेल: pakhribas.nagarpalika@gmail.com